# आकाशवाणी समाचार- नेपाली

मितिः २३ नोभेम्बर २०२४

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो सरकारले विगत १० वर्षमा लागू गरेको **रिफॉर्म, परफॉर्म र ट्रांसफॉर्म** को मन्त्रका कारण अहिले विश्वले भारतको रणनीतिक महत्वलाई स्वीकार गरिरहेको बताउनु भएको छ।

२. राष्ट्रपति द्रौपदी मुर्मूले उडिसाको इतिहासमा कलिंग युद्ध अध्यायले विश्वलाई शान्तिको मार्ग देखाएको बताउनु भएको छ।

३. सेनाध्यक्ष उपेन्द्र द्विवेदीले नेपालको प्रधानमन्त्री केपी शर्मा ओली र नेपालका रक्षामन्त्री मनवीर राईबीच रक्षा सहयोगका विविध पक्षबारे छलफल भएको छ।

४. झारखण्ड तथा महाराष्ट्र विधानसभा चुनावको मतगणनाको तयारी पूरा, मतगणना आज बिहान आठ बजेबाट शुरु हुने

र

५. अस्ट्रेलियाको पर्थमा जारी बोर्डर–गावस्कर ट्रफी क्रिकेटप्रतियोगिताको पहिलो टेस्टमा अष्ट्रेलियाले भारतविरुद्धको पहिलो इनिङ्स ७ विकेटको क्षतिमा ६७ रनबाट अघि खेल्नेछ।

**प्रधानमंत्री- मीडिया शिखर सम्मेलन**

प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो सरकारले विगत १० वर्षमा लागू गरेको **रिफॉर्म, परफॉर्म और ट्रांसफॉर्म** को मन्त्रका कारण अहिले विश्वले भारतको रणनीतिक महत्वलाई स्वीकार गरिरहेको बताउनु भएको छ। जर्मनीको स्टुटगार्टस्थित एक मिडिया हाउसले आयोजना गरेको भिडियो कन्फरेन्समार्फत आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्रीले सो कुरा बताएका हुन्। सम्मेलनको मूल नारा 'भारत–जर्मनीः दिगो विकासका लागि रोडम्याप' रहेको थियो। श्री मोदीले भन्नुभयो, "भारत विश्वको सबैभन्दा तीव्र गतिमा वृद्धि भइरहेको अर्थव्यवस्था हो र हरेक देश विकासको लागि भारतसँग सहकार्य गर्न चाहन्छन्।

बाइट

श्री मोदीले भन्नुभयो जर्मनीको 'फोकस अन इन्डिया' दस्तावेज यसको उदाहरण हो र यसले विश्वले कसरी भारतको रणनीतिक महत्वलाई स्वीकार गरिरहेको छ भन्ने देखाउँछ। यसका साथै प्रधानमन्त्रीले भारतले हरेक क्षेत्रमा नयाँ नीति सार्वजनिक गरेको र २१ औं शताब्दीमा सबैभन्दा तीव्र आर्थिक वृद्धि हासिल गर्न आफूलाई तयार पारेको बताउनु भयो। श्री मोदीले भन्नुभयो, "आफ्नो सरकारले व्यापार गर्न सजिलो बनाउन लालफीताशाही हटाएको छ यसले विकासको लागि सस्तो पुँजी उपलब्ध गराउन भारतले देशको बैंकिङ प्रणालीलाई मजबुत बनाएको छ। यसका साथै भारतको विकास यात्रामा जर्मनी विश्वासिलो साझेदार हुने बताउदै भारत र जर्मनीबीचको द्विपक्षीय साझेदारी पछिल्ला केही वर्षयता बढ्दो क्रममा रहेको उल्लेख गर्नुभयो भने भारतमा १,८०० भन्दा बढी जर्मन कम्पनीहरू कार्यरत रहेको र ती कम्पनीहरूले विगत ३-४ वर्षमा १५ अर्ब डलर लगानी गरेको बताउनु भयो

****** ० ******

**पीएम विजिट**

प्रधानमन्त्री नरेन्द्र मोदी नाइजेरिया, ब्राजिल र गुयानाको सफल भ्रमण सकेर  नयाँ दिल्ली आइपुगनु भयो । तीन देशको भ्रमणका क्रममा प्रधानमन्त्री मोदीले विश्वका नेताहरूसँग ३१ वटा द्विपक्षीय बैठक र अनौपचारिक अन्तरक्रियामा भाग लिनुभयो भने श्री मोदीले नाइजेरियामा एक द्विपक्षीय बैठक, ब्राजिलमा जी–२० शिखर सम्मेलनका क्रममा १० द्विपक्षीय बैठक र गुयानामा नौ वटा बैठक गर्नुभयो। यसैगरी भ्रमणमा इन्डोनेसियाका राष्ट्रपति प्राबोवो सुबियान्तो, पोर्चुगलका प्रधानमन्त्री लुइस मोन्टेनेग्रो, बेलायती प्रधानमन्त्री केइर स्टार्मर, चिलीका राष्ट्रपति गेब्रियल बोरिक र अर्जेन्टिनाका राष्ट्रपति जाभियर मिल्लीसँग मोदीको ब्राजिलमा पहिलो द्विपक्षीय भेटवार्ता भएको थियो।

****** ० ******

**राष्ट्रपति ओडिशा पर्व**

राष्ट्रपति द्रौपदी मुर्मूले उडिसाको इतिहासमा कलिंग युद्ध अध्यायले विश्वलाई शान्तिको मार्ग देखाएको बताउनु भएको छ। नयाँ दिल्लीस्थित जवाहरलाल नेहरु स्टेडियममा तीन दिने उडिसा पर्व कार्यक्रमको हिजो साँझ उद्घाटन गर्दै राष्ट्रपतिले कलिंग युद्धले **चंडअशोक** लाई **धर्मअशोक**मा रूपान्तरण गरेको बताउनुभयो। राष्ट्रपतिले विश्वका केही भागले आज संघर्षको सामना गरिरहेको उल्लेख गर्दै मानिसहरूलाई स्नेह र सद्भावका साथ बाँच्न आग्रह गर्नुभयो। यसका साथै राष्ट्रपतिले उडिसा पर्व महोत्सवले उडिसाको कला, साहित्य, नृत्य, संगीत र खानाको समृद्ध विरासतको बारेमा मानिसहरूलाई जागरुक बनाउन महत्त्वपूर्ण भूमिका खेलेको बताउनु भयो।

****** ० ******

**मतगणना चुनाव**

महाराष्ट्र र झारखण्ड विधानसभा चुनावको मतगणना आज हुँदैछ। यी राज्यहरूसँगै, 15 राज्यहरूमा 48 विधानसभा उपचुनाव र दुई लोकसभा सीट उपचुनावको लागि पनि मतगणना हुनेछ।उत्तर प्रदेशका 9, राजस्थानका 7, पश्चिम बंगालका 6, असमका 5, बिहार र पञ्जाबका चार–चार, कर्नाटकका तीन र केरला, मध्य प्रदेश अनि सिक्किमका दुई–दुईवटा विधानसभा क्षेत्रका लागि उपचुनाव भएको थियो ।यसबाहेक छत्तीसगढ, गुजरात र उत्तराखण्डको एक-एक विधानसभा सीटमा पनि उपचुनाव भएको छ।केरलाको वायनाड संसदीय क्षेत्र र महाराष्ट्रको नान्देड संसदीय निर्वाचन क्षेत्रमा उपचुनाव भएको छ। यी उपचुनाव यही महिनाको 13 र 20 तारिख भएको थियो।

****** ० ******

**महाराष्ट्र - मतगणना**

महाराष्ट्रमा विधानसभा चुनावको मतगणनाका लागि सबै तयारी पूरा भएको छ। 288 सदस्यीय महाराष्ट्र विधानसभाको 20 नवंबरमा मतदान भएको थियो यसैगरी नान्देड संसदीय क्षेत्रको मतगणना पनि आजै हुँदैछ। बिहान ८ ः३० बजेदेखि सबै तोकिएका मतदान केन्द्रमा हुलाक डाक मतपत्र र त्यसपछि इभिएमको मतगणना बिहान ८ः३० बजेबाट शुरु हुनेछ। राज्यभरमा २सय ८८ वटा मतगणना केन्द्र कायम गरिएको छ भने नान्देड उपचुनावका लागि छुट्टै केन्द्र स्थापना गरिएको छ। मतगणनालाई सहज र व्यवस्थित बनाउन व्यापक सुरक्षा व्यवस्था मिलाइएको छ। मतगणनास्थलमा केन्द्र, प्रदेश र स्थानीय सुरक्षा बल परिचालन गरिएको छ

बाइट

****** ० ******

**भाजपा-कांग्रेस**

महाराष्ट्र अनि झारखंड विधानसभा चुनावको मतगणना अघि भारतीय जनता पार्टीका अध्यक्ष जगत प्रकाश नड्डाले हिज नया दिल्लीमा पार्टी नेताहरुको संग बैठक गर्नु भयो। बैठकमा पार्टी महासचिव बी एल संतोष, विनोद तावड़े, अरुण सिंह अनि दुष्यंत गौतम उपस्तिथ हुनुहुन्थियो। भाजपा मुख्यालयमा आयोजित बैठकमा पार्टीको प्रदेश

अध्यक्ष अनि राज्य महासचिव पनि उपस्तिथ हुनुहुन्थ्यो। अर्कोतिर कांग्रेसले चुनाव पछिको स्थिति माथि नजर राख्नको निम्ति दुवै राज्यहरुमा पर्यवेक्षहरुको नियुक्ति गरेको छ। पार्टीको वरिष्ठ नेता अशोक गहलोत, भूपेश बघेल अनि जी परमेश्वरलाई महाराष्ट्रको निम्ति तथा कांग्रेस सांसद तारिक अनवर अनि दुइ अन्य नेताहरुलाई झारखंडको निम्ति पर्यवेक्षकको रूपमा नियुक्त गरिएको छ।

****** ० ******

**मणिपुर समीक्षा बैठक**

मणिपुरका सुरक्षा सल्लाहकार कुलदीप सिंहले राज्यको वर्तमान स्थितिको समीक्षा गर्न सेना, बीएसएफ, सीआरपीएफ, आसाम राइफल्स र अन्य सुरक्षा निकायका वरिष्ठ अधिकारीहरूसग इम्फालमा समीक्षा बैठक गर्नुभयो। बैठकपछि पत्रकारहरूसँग कुरा गर्दै सिंहले केन्द्रीय सशस्त्र पुलिस बलका थप ९० कम्पनीहरू राज्यमा आइसकेको र अन्य ७० कम्पनीहरू चाँडै आउने बताउनु भयो भने राज्यमा १९८ कम्पनी परिचालन भइसकेका उल्लेख गर्नुभयो।

**एयरलाइंस दिशानिर्देश**

नागरिक उड्डयन मन्त्रालयले उडान ढिलाई हुँदा यात्रुलाई सुविधा उपलब्ध गर्न सुझाव दिएको छ। मन्त्रालयले एक सोशल मीडिया पोस्ट मार्फत उडान दुई घण्टा ढिला भएमा यात्रुलाई पिउने पानीको व्यवस्था गर्नुपर्ने जनाएको छ। साथै, दुईदेखि चार घण्टा ढिलाई भएमा यात्रुलाई चिया वा कफी र खाजा तथा चार घण्टाभन्दा अधिक ढिलाई भएमा यात्रुलाई खानाको व्यवस्था गर्नुपर्ने मन्त्रालयले जनाएको छ।

****** ० ******

**इफ्फी**

५५औं अन्तर्राष्ट्रिय फिल्म महोत्सवमा हिजो साँझ सयौं कलाकारले बिभिन्न बाजागाजा बजाएर कार्निभल परेड आयोजना गरेका छन्। परेड इन्टरटेनमेन्ट सोसाइटी अफ गोवाको कार्यालयदेखि कला एकेडेमीसम्म भएको थियो। परेडको साथमा दिप प्रतियोगिता पनि आयोजना गरिएको थियो जसमा गोवाभरिका सहभागीहरूले आफ्ना सुन्दर दिपहरू प्रदर्शन गरेका थिए। प्रतियोगिताका एक निर्णायक कालिदास.एस.ले आकाशवाणीलाई बताएअनुसार दिपहरू जुट, कागज र नरिवलको फाइबर जस्ता पर्यावरण-अनुकूल सामग्रीहरू प्रयोग गरेर बनाइएको थियो।

****** ० ******

**सेना प्रमुख नेपाल दौरा**

सेनाध्यक्ष उपेन्द्र द्विवेदीले नेपालको प्रधानमन्त्री केपी शर्मा ओली र नेपालका रक्षामन्त्री मनवीर राईबीच भेटवार्ता भएको छ भने भेटघाटमा नेपाल र भारतबीचको अद्वितीय र घनिष्ठ द्विपक्षीय रक्षा सहयोगका विविध पक्षबारे छलफल भएको छ। जनरल द्विवेदी पाँच दिने नेपाल भ्रमणमा हुनुहुन्छ। प्रधानमन्त्री ओलीले नेपाल र भारतबीच एकअर्काका प्रधानसेनापतिलाई मानार्थ महारथीको उपाधि प्रदान गर्न आदानप्रदान जारी रहेकामा खुशी व्यक्त गर्नुभयो भने दुई देशबीचको सहकार्यलाई अझ बढाउनुपर्नेमा पनि जोड दिनुभयो। सो अवसरमा बोल्दै भारतीय सेनाध्यक्षले द्विपक्षीय सम्बन्ध विस्तारमा आफूले भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभयो । बैठकमा प्रधानमन्त्रीका प्रमुख सल्लाहकार विष्णु रीमा, नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तव, परराष्ट्र मन्त्रालयका सहसचिव भृगु ढुङ्गाना र नेपाली सेनाका मेजर जनरल मधुकर कार्कीपनि सहभागी थिए।

****** ० ******

**छत्तीसगढ़-माओवादी**

छत्तीसगढमा सुरक्षा बलसँगको मुठभेडमा कम्तीमा १० जना माओवादी मारिएका छन् भने घटनास्थलबाट ठूलो परिमाणमा हातहतियार र गोलीगट्ठा बरामद गरिएको छ।

****** ० ******

**आइएमएफ तीसरी समीक्षा**

अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) को तेस्रो समीक्षामाथिको छलफल सफलतापूर्वक सम्पन्न भएको छ। राष्ट्रपति सचिवालयमा भएको अन्तिम बैठकमा मिसनका प्रमुख पिटर ब्रुएरको नेतृत्वमा आईएमएफको प्रतिनिधिमण्डलको बिशेष उपस्थिति रहेको थियो भने श्रीलङ्का सरकारको प्रतिनिधिमण्डलको नेतृत्व आर्थिक विकास उपमन्त्री प्राध्यापक अनिल जैन फर्नान्डोले गर्नुभयो।

****** ० ******

**क्रिकेट**

अस्ट्रेलियाको पर्थमा जारी बोर्डर–गावस्कर ट्रफी क्रिकेटप्रतियोगिताको पहिलो टेस्टमा अष्ट्रेलियाले भारतविरुद्धको पहिलो इनिङ्स ७ विकेटको क्षतिमा ६७ रनबाट अघि खेल्नेछ। खेल भारतीय समयअनुसार बिहान ७ः:५० बजे सुरु हुनेछ। जसप्रित बुमराहले पहिलो दिन चार विकेट लिएपछि भारत खेलमा फर्किएको छ। यसअघि टस जितेर पहिले ब्याटिङ गरेको भारत पहिलो इनिङ्समा १सय ५० रनमा अलआउट भएको थियो। टेस्ट करियरको सुरुवात गरेका नितिश कुमार रेड्डीले भारतका लागि ५९ बलमा ४१ रन बनाए। अस्ट्रेलियाका लागि जोस हेजलवुडले ४ विकेट लिए।

****** ० ******